# आकाशवाणी समाचार- नेपाली
## मितिः २० अप्रेल २०२६
## समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधान मन्त्री नरेन्द्र मोदी र दक्षिण कोरियाका राष्ट्रपति ली.जे.मयूंग बीच आज नयाँ दिल्लीमा भेटवार्ता हुने।

२. उपराष्ट्रपति सी. पी राधाकृष्णनले श्रीलङ्का भ्रमणको दोस्रो दिन आज नुवारा इलियाको गर्नुहुने भ्रमण ।

३. पश्चिम बङ्गालमा विधानसभा चुनावका लागि प्रचार तिब्र, विभिन्न राजनीतिक दलका वरिष्ठ नेताहरू जनसभा, र्‍याली र रोड शोमा व्यस्त

४. तमिलनाडुको एक पटाखा निर्माण इकाईमा भएको विस्फोटमा परी कम्तीमा २३ जनाको मृत्यु, प्रधानमन्त्री, गृहमन्त्री, राज्यका मुख्यमंत्री लगायतले गर्नुभयो घटनाप्रति दुःख व्यक्त।

५. आइपिएल क्रिकेटमा किंग्स इलाभेन पन्जाबले लखनऊ सुपर जायन्ट्सलाई 54 रनले पराजित ।

**<u>प्रधानमन्त्री – दक्षिण कोरियाका राष्ट्रपति</u>**

प्रधान मन्त्री नरेन्द्र मोदी र दक्षिण कोरियाका राष्ट्रपति ली.जे.मयूंग बीच आज नयाँ दिल्लीमा भेटवार्ता हुनेछ। दुई नेताबीच विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोग सुदृढ पार्ने विषयमा चर्चा हुनेछ । चर्चामा मुख्यतः जहाज निर्माण, व्यापार, लगानी, कृत्रिम बुद्धिमत्ता, सेमिकन्डक्टर, महत्वपूर्ण र उदीयमान प्रविधिहरू, जनस्तरको सम्पर्क र सांस्कृतिक आदानप्रदानका अतिरिक्त आपसी चासोका क्षेत्रीय र विश्वव्यापी विषयहरूमा केन्द्रित हुनेछ। प्रधानमन्त्री मोदीले दक्षिण कोरियाली समकक्षीको सम्मानमा रात्रिभोजको आयोजना गर्ने कार्यक्रम रहेको छ । श्री ली म्युङले राष्ट्रपति द्रौपदी मुर्मुसँग पनि भेट गर्नुहुनेछ। विदेशमन्त्री एस जयशंकरले हिज दक्षिण कोरियाका राष्ट्रपतिसँग भेटवार्ता गर्नु भयो । श्री जयशंकरले द्विपक्षीय सम्बन्धहरूलाई बलियो बनाउने प्रतिबद्धताका लागि श्री म्युङको सराहना गर्नुभयो। उहाले प्रधानमन्त्री नरेन्द्र मोदीसँगको वार्ताले दुई देशबीचको विशेष रणनीतिक साझेदारीलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नु भयो। दक्षिण कोरियाका राष्ट्रपति तीन दिने भारत भ्रमणमा हुनु हुन्छ । उहालाई केन्द्रीय मन्त्री हर्ष मल्होत्राले स्वागत ग्र्नु भएको थियो। श्री म्युङको साथमा उनकी श्रीमती र एक उच्च स्तरीय प्रतिनिधिमण्डल पनि छन्। ली म्युङको यो पहिलो भारत भ्रमण हो । भारत र दक्षिण कोरियाबीचको साझेदारी प्राचीन सभ्यता र लोकतान्त्रिक मूल्यहरूमा आधारित छ। यो भ्रमणले सहकार्य र सुदृढीकरणप्रतिको प्रतिबद्धतालाई जोड दिएको छ ।

**<u>उपराष्ट्रपति-श्रीलङ्का</u>**

उपराष्ट्रपति सी. पी राधाकृष्णन श्रीलङ्का भ्रमणको दोस्रो दिन आज नुवारा इलियाको भ्रमण गर्नुहुनेछ।यस भ्रमणले श्रीलङ्कासँग भारतको बलियो विकास साझेदारी र त्यहाँका आदिवासी समुदायहरूसम्म पुग्ने भारतको प्रतिबद्धतालाई जोड दिदछ । श्री राधाकृष्णनले भारतीय सहयोगमा निर्माण भइरहेको आवास परियोजनाका स्थलहरूको भ्रमण गर्नुहुनेछ र भारतीय मूलका तमिल समुदायसँग प्रत्यक्ष अन्तरक्रिया गर्नुहुनेछ। भ्रमणको पहिलो दिन उपराष्ट्रपति श्रीलङ्काका राष्ट्रपति अनुरा कुमार दिसानायके र प्रधानमन्त्री हरिणी अमरासुरियासँग कोलम्बोमा भेटवार्ता गर्नुभयो। चर्चा द्विपक्षीय सहयोगका साझा प्रतिबद्धतालाई सुदृढ गर्नेतर्फ केन्द्रित थियो । उहाँले श्रीलङ्कामा भारतीय मुलका बासिन्दाहरुलाइ सम्बोधन गर्नुभयो र प्रवासी भारतीय योजनाको महत्त्वपूर्ण विस्तार र शैक्षिक छात्रवृत्तिमा वृद्धिको घोषणा

गर्नुभयो। उपराष्ट्रपतिको श्रीलङ्का भ्रमण आफ्नो छिमेकी प्रथम नीति र विकास सहयोगको माध्यमबाट सम्पर्क सञ्जाललाई सुदृढ पार्ने भारतको प्रतिबद्धताको प्रतिबिम्ब हो।

**पश्चिम बंगाल - चुनाव प्रचार**

पश्चिम बङ्गालमा विधानसभा चुनाव प्रचारका लागि विभिन्न राजनीतिक दलहरूका वरिष्ठ नेताहरूको जनसभा, र्‍याली र रोड शोका अभियान तीव्र पारेका छन। यसै बीच भारतीय जनता पार्टीका बरिस्ट नेता तथा प्रधान मन्त्री नरेन्द्र मोदीले राज्यको पश्चिम मेदिनीपुर, झारग्राम, पुरुलिया र विष्णुपुर जिल्लाहरूमा श्रृंखलाबद्ध र्‍यालीहरू गर्नुभयो। श्री मोदीले भन्नुभयो, पश्चिम बङ्गालमा भाजपाको डबल इन्जिन सरकारले राज्यका महिलाहरूलाई दोहोरो लाभ दिनेछ। उहाले महिलाको सुरक्षा, सम्मान र समृद्धि आफ्नो पार्टीको उच्च प्राथमिकता भएको बताउदै कांग्रेससँग गठबन्धन गरेर तृणमूल कांग्रेसले विधायिकामा महिलाको अधिक प्रतिनिधित्वलाई रोक्ने आरोप लगाउनु भयो।

बाइट

यस्तै भारतीय जनता पार्टीका नेता तथा केन्द्रीय मन्त्री जेपी नड्डाले जलपाईगुडी जिल्लामा रोड शो गर्नुभयो भने पार्टी नेता तथा त्रिपुराका मुख्यमन्त्री माणिक साहले मुर्शिदाबाद जिल्लाको जियागञ्ज र कांडीमा रोड शो गर्नुभयो। तृणमूल कांग्रेसकी अध्यक्ष तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले हुगली जिल्लाको तडकेश्वर र पूर्व बर्धमान जिल्लाको काल्नामा जनसभालाई सम्बोधन गर्नुभयो। सुश्री बनर्जीले भन्नुभयो यदि भाजपा राज्यमा सत्तामा आयो भने तृणमूल काङ्ग्रेस सरकारले सुरु गरेका सबै कल्याणकारी योजनाहरू फिर्ता लिने छ। यस्तै उहाँले भाजपाको नेतृत्वमा रहेको केन्द्र सरकारले लोकसभामा पेश गरिएको सीमांकन विधेयकलाई महिला आरक्षणसँग जोडेको आरोप लगाउनु भयो। उता काङ्ग्रेस, वामपन्थी र अन्य राजनीतिक दलहरूले पनि पश्चिम बंगालमा सक्रिय रूपमा प्रचार गरिरहेका छन्। राज्यमा यसै महिनाको २३ र २९ तारिखमा दुई चरणमा मतदान हुँदैछ।

**प्रवर्तन निदेशालय**

प्रवर्तन निर्देशनालय (ईडी) ले हिज कोलकाताका व्यापारी जोय कामदारलाई मनी लाउन्ड्रिंगको मामिलामा पक्राउ गरेको छ। यो कारबाही एक कथित आपराधिक सिन्डिकेट सित सम्बन्धित मुद्दाको जाचको एक भागको रूपमा गरिएको थियो, जसमा कोलकाता पुलिसका डिप्टी कमिश्नर शान्तनु सिन्हा विश्वास विरुद्ध पनि छापा मारिएको थियो। सन इन्टरप्राइजेजका प्रबन्ध निर्देशक कामदारलाई चार घण्टा लामो सोधपुछपछि हिरासतमा लिइएको छ । दक्षिण कोलकाताको बेहाला इलाकामा रहेको उनको निवासमा छापा मार्ने क्रममा उनीहरूलाई बिहानै हिरासतमा लिइएको थियो र साल्ट लेकको सीजीओ कम्प्लेक्समा रहेको ईडी कार्यालयमा ल्याइएको थियो। सोधपुछपछि उनीहरुलाई धन शोधन निवारण अधिनियम (पीएमएलए) को प्रावधान अन्तर्गत पक्राउ गरिएको थियो । उनीहरूलाई अदालतमा पेश गरिनेछ, जहाँ एजेन्सीले विस्तृत सोधपुछका लागि उनीहरूको हिरासतको मांग गर्नेछ ।

**पटाखे - ए.आई.ए.डी.एम.के नेता**

तमिलनाडुको विरुधुनगर जिल्लामा एक पटाखा निर्माण इकाईमा भएको विस्फोटमा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ । मृतकमध्ये १९ जनाको शव पहिचान भइसकेको छ । विरुधुनगरका एसपी एन श्रीनाथले जिल्ला प्रशासन र पुलिस राहत कार्यमा जुटेको र यस मामिलामा मुद्दा दर्ता गरिएको बताउनु भयो । यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गर्दै पीडित परिवारजनमा समवेदना व्यक्त गर्नुभयो भने गृहमन्त्री अमित शाहले घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो । यसैगरी पूर्व मन्त्री तथा एआईएडीएमकेका नेता केटी राजेन्द्र बालाजीले यस्ता दुर्घटना बारम्बार भइरहेको र डीएमके सरकारले ती दुर्घटना रोक्न आवश्यक कदम चाल्नुपर्ने बताउनु भयो । तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले पनि सोशल मीडिया मार्फत दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभयो ।

**आंध्र प्रदेश – कौशल प्रशिक्षण**

केन्द्रीय ग्रामीण विकास एवम् सञ्चार राज्य मन्त्री डा. पेम्मासानी चन्द्रशेखरले हिज आन्ध्र प्रदेशको गुंटूर जिल्लाको बुरिपालेममा कौशल प्रशिक्षण पूरा गर्ने 105 युवतीहरूलाई नियुक्ति पत्र प्रदान गर्नुभयो। यी युवतीहरूले केन्द्र

सरकारको दीन दयाल उपाध्याय ग्रामीण कौशल्य योजना अन्तर्गत बीएड कलेजमा तीन महिनाको प्रशिक्षण कार्यक्रम पूरा गरे। कार्यक्रममा एमएलसी अलापति राजेन्द्र प्रसाद पनि उपस्थित हुनु हुन्थ्यो ।

**आईपीएल**

आइपिएल क्रिकेटमा प्रियांश आर्या र कुपर कोनलीले 93 र 87 रनको उत्कृष्ट पारीको मद्दतमा किंग्स इलाभेन पन्जाबले लखनऊ सुपर जायन्ट्सलाई 54 रनले पराजित गरेको छ। यसअघि लखनउले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो । पहिले ब्याटिङ गरेको पञ्जाबका लागि आर्या र कोनलीले दोस्रो विकेटको लागि 13 ओभर 2 बलमा 182 रनको साझेदारी गर्दै 20 ओभरमा 7 विकेट गुमाएर 254 रनको साझेदारी गरेका थिए। जवाफी ब्याटिङमा उत्रिएको लखनउ सुपर जायन्ट्सले निर्धारित 20 ओभरमा 5 विकेट गुमाएर 2 सय रन मात्र बनाउन सक्यो । बलिङतर्फ पन्जाब किंग्सका मार्को जान्सनले दुई तथा अर्शदीप सिंह, विजयकुमार वैशाख र युजवेन्द्र चहलले एक–एक विकेट लिए । प्रियांश आर्यालाई खेलको प्लेयर अफ दि म्याच घोषित गरिएको थियो ।

दोस्रो म्याच्मा, मेजबान कोलकाता नाइट राइडर्सले ईडन गार्डन्समाँ भएको म्याच्मा राजस्थान रॉयल्सलाई चार विकेटले हरौदै यस सीजनमाँ टूर्नामेंटको आफ्नो पहिलो जीत दरता गर्यो । 156 रनको लक्ष्यको पीछा गर्दै कोलकाता नाइट राइडर्सले रिंकू सिंहको नाबाद 53 रनको पारीको मददले 19 ओवर .4 बलमाँ लक्ष्य हासिल गर्यो ।

**इंडियन सुपर लीग**

इंडियन सुपर लीग फुटबॉलमा गुवाहाटीको इन्दिरा गान्धी एथलेटिक स्टेडियममा हिज भएको खेलमा मोहन बागान सुपर जायन्ट्सले नर्थइष्ट युनाइटेड एफसीलाई १–० गोल अन्तरले पराजित गरेको छ। यो जितसँगै मोहन बागान सुपर जायन्ट्सले ९ खेलबाट २० अंक जोड्दै अंक तालिकाको शीर्षमा स्थान बनाएको छ । सोही खेलबाट ७ अंक जोडेको नर्थइस्ट युनाइटेड एफसी १२ औं स्थानमा यथावत छ ।

,

***************